आज मिति २०८०/११/२२ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिति :-

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म.गा.पा.)
उपाध्यक्ष :- श्री होम बहादुर वि.क. (उपाध्यक्ष " )
वडा अध्यक्ष :- श्री जङ्गमान गुरुङ (वडा नं. १ " )
वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ (वडा नं. २ " )
वडा अध्यक्ष :- श्री प्रेम बहादुर बलेत (वडा नं. ३ " )
वडा अध्यक्ष :- श्री सुमन गुरुङ (वडा नं. ४ " )
वडा अध्यक्ष :- श्री लालमान गुरुङ (वडा नं. ५ " )
वडा अध्यक्ष :- श्री तिलक प्रसाद घले (वडा नं. ६ " )
वडा अध्यक्ष :- श्री पूर्ण घले (वडा नं. ७ " )
वडा अध्यक्ष :- श्री हिम देवी घले (वडा नं. ८ " )
वडा अध्यक्ष :- श्री नारायण बहादुर थापा (वडा नं. ९ " )
कार्यपालिका सदस्य :- श्री कृष्ण बहादुर वि.क.
थापा कार्यपालिका सदस्य :- श्री पारवती गुरुङ
अनिता कार्यपालिका सदस्य श्री अनिता वि.क.
डिल कार्यपालिका सदस्य श्री डिल माया थापा
चितरी कार्यपालिका सदस्य श्री चितु तामाङ
प्रमुख प्रशासकीय अधिकृत :- श्री प्रेमचन्द्र अर्याल

अन्य उपस्थिति
(१) अर्जुन थापा (प्र.अ.)

निर्णय न. १

जिल्ला प्रहरी कार्यालय, लमजुङको अनुरोध तथा सुरक्षा संवेदनशीलतालाई समेत मध्यनजर गर्दै यस गाउँपालिका भित्रको खुदी बजार क्षेत्र, गाउँ कार्यपालिको कार्यालय परिसर, जगत बजार क्षेत्रलाई समेट्ने गरी उपयुक्त बजेट शीर्षक-बाट खर्च लेख्ने गरी CC क्यामेरा जडान गर्ने निर्णय गरियो।

निर्णय न. २

स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न तथा युवाहरुमा जीविकोपार्जन सम्बन्धी सीप विकास गर्ने उद्देश्यले गाउँपालिका (सीपमूलक तथा क्षमता विकास तालिम शीर्षकबाट साझेदारी गर्ने), CTEVT र विभिन्न हाइड्रोपावरहरु सँगको सहकार्य र समन्वयमा विपन्न र बेरोजगार युवाहरुलाई लक्षित गरी तपशिल बमोजिमका तालिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

तपशिल

१. ड्राइभिङ (हलुका सवारी साधनको मात्र)
२. बिल्डिङ इलेक्ट्रिसियन
३. मोटरसाइकल मर्मत
४. प्लम्बिङ
५. ह्याते ट्र्याक्टर मर्मत
६. वयाल्डिङ तालिम

निर्णय न. ३

गाउँपालिका भित्रका दुर्गम तथा विपन्न समुदायका बालबालिकाहरु रहेको स्थानमा शिक्षाको पहुँच विस्तार गर्न तथा बालबालिकाको शिक्षाको हक सुनिश्चीत गर्न तपशिलका स्थानहरुमा आगामी शैक्षिक सत्र (२०७८) देखि बाल शिक्षा कक्षा सञ्चालनको लागी आवश्यक प्रबन्ध गर्ने निर्णय गरियो।

तपशिल

१. मर्स्याङ्दी गापा - वडा न. १ कलाउवेंसी
२. मर्स्याङ्दी गापा - वडा न. ४ उपल्लो ताघ्रिङ

निर्णय न. ४

विश्वव्यापी महामारी covid-19 को कारण प्रथम चौमासिक सार्वजनिक सुनुवाई हुन नसकेकोमा आ.व. २०७८/७९ को प्रथम तथा दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सहजीकरण संस्था मार्फत तपशिलको मिति, समय र स्थानमा गर्ने निर्णय गरियो। सहजीकरण संस्थाको पारिश्रमिक/कार्यक्रम खर्च उपयुक्त शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

मिति र समय: २०७८/१२/१५, ११ बजे

स्थान: भुलभुले सामुदायिक भवन, भुलभुले,

निर्णय नं.५

गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने ६० बर्ष देखी ६९ वर्ष सम्मका एकल पुरुषहरुलाई सम्मान स्वरुप सामाजीक सुरक्षा भत्ताको रुपमा प्रति एकल पुरुष मासिक रु ५,०००।- (पाँच सय) २०७८ फाल्गुण महिना देखी उपलब्ध गराउने निर्णय गरियो। उक्त भत्ता आ.व. २०७८।७९ को स्वीकृत बार्षिक कार्यक्रम अपाङ्ग सम्मान तथा आयआर्जन शीर्षकबाट खर्च लेख्ने गरी उपलब्ध गराउने निर्णय गरियो। साथै नेपाल सरकार वा विदेशी सरकार वा स्थानीय सरकारबाट कुनै किसिमको पेन्सन, भत्ता वा मासिक तलब प्राप्त गर्ने व्यक्तिहरुलाई एकल पुरुष सामाजीक सुरक्षा भत्ता उपलब्ध गराइने छैन।

निर्णय नं.६

नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम स्वास्थ्य बिमा कार्यक्रमलाई अझ जनतामाझ व्यापक र प्रभावकारी बनाउन मर्स्याङ्दी गाउँपालिकाको स्वास्थ्य बिमा कार्यविधि, २०७८ उपर व्यापक छलफल गरी पारित गर्ने निर्णय गरियो। साथै कार्यविधि बमोजिमको संयोजन समिति गठन गर्ने र स्वास्थ्य बिमा कार्यक्रम अर्न्तगत वडा स्तरमा कार्यरत दर्ता सहयोगीलाई ~~अझ~~ अभिमुखीकरण गरी सशक्त (active) बनाउन स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.७

covid-19 को महामारी, आर्थीक, सामाजीक लगायतका कारणबाट व्यक्ति तथा समाज समुदायमा परेको मनोसामाजीक समस्यालाई न्युनिकरण गर्न यस क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थासँगको समन्वय तथा साझेदारीमा मनोसामाजीक परामर्शदाता नियुक्त गरी मनोसामाजीक समस्यामा रहेका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.८

झोलुङ्गे पुल निमार्णलाई निरन्तरता दिन तपशिल बमोजिमको स्थानहरुमा झोलुङ्गे पुल निमार्णको लागी साझेदार संस्था ~~हरु~~ सँगको साझेदारीमा लागत अनुमान तथा DPR तयार गरी निमार्णको लागी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

तपशिल
१. खुदी खोला – केवयाम खेलमैदान, मर्स्याङ्दी वडा नं. २ र ३
२. मर्स्याङ्दी नदी – बालुवा झो.पु., मर्स्याङ्दी वडा नं. ३ र ७
३. साप्ले खोला झो.पु., मर्स्याङ्दी वडा नं.१
४. मर्स्याङ्दी सानोतर आगे झो.पु. मर्स्याङ्दी वडा नं. ८ र ९
५. डंडरे खोला झो.पु., मर्स्याङ्दी वडा नं. ९
६. भलाम खोला झो.पु. मर्स्याङ्दी वडा नं. ९

७. साप्रो खोला मो.पु. मर्स्याङ्दी, ५
८. डुढीखोला मो.पु. मर्स्याङ्दी वडा नं. ६ र ७
९. रोप्ले खोला मो.पु. मर्स्याङ्दी वडा नं. २ र ९

निर्णय नं. ९

विविध कार्यक्रम खर्च (२२५२९) अर्न्तगतको विभिन्न धार्मिक, साँस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शीर्षकबाट निम्नअनुसार सहयोग गर्ने निर्णय गरियो।

तपशिल

१. चक्रतीर्थ धाम विकास समिति, चक्रतीर्थ लमजुङ रु २०,०००।-
२. न्यु हिमालचुली युवा क्लब, मर्स्याङ्दी -८, रु ४०,०००।-
३. शिलादेवी युवा क्लब, मर्स्याङ्दी ३, रु २५,०००।-
४. उस्ता समाज, मर्स्याङ्दी-७, रु ५०,०००।-
५. त्रिशक्ति महिला सञ्जाल -मर्स्याङ्दी -९, रु ७५०००।-
६. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन जिल्ला कमिटि लमजुङ, रु २५,०००।-
७. चन्द्रमा युवा क्लब (फुटवल खेल सञ्चालनको लागी) - रु २५,०००।-

निर्णय नं. १०

विविध कार्यक्रम खर्च (२२५२९) अर्न्तगतको विपद व्यवस्थापन कोषबाट निम्नअनुसार सहयोग गर्ने निर्णय गरियो।

१. विष्णुराज घिमिरे, मर्स्याङ्दी -६, रु २०,००० (कुखुरा तथा माछा मरेर क्षति पुगेको)

निर्णय नं. ११

विविध कार्यक्रम खर्च (२२५२९) अर्न्तगतको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नअनुसार सहयोग गर्ने निर्णय गरियो।

१. भक्त बहादुर घिमिरे, मर्स्याङ्दी -६ रु २०,०००।-
२. कुमार सिंह गुरुङ, मर्स्याङ्दी -४, रु १५,०००।-

निर्णय नं. १२

२०७८ चैत्र महिनादेखी लागु हुने गरी गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा कार्यरत कार्यलय सहयोगीहरुलाई मासिक पारिश्रमिक न्युनतम रु १५०००।- उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १३

खुदी प्रहरी चौकी परिसरमा भगवती मन्दिर निमार्णको लागी वडा कार्यालय भवन निमार्ण शीर्षकबाट रु २५०००।- भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १४

आरन सुधारका सबै सामाग्रीहरु स्वीकृत जिल्ला दररेटमा समावेश नभएकाले प्राविधिक मूल्याङ्कनको समस्या समाधान गर्न आरन सञ्चालकहरुले स्वयमले खरिद गरेको बिल बमोजिम प्राविधिक मूल्याङ्कन गर्ने प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १५

~~यस~~ गाउँपालिकाको कार्यालयमा कार्यरत क.स. श्री गोविन्द सेढाईले ~~अतिरिक्त~~ अतिरिक्त जिम्मेवारी स्वरुप गाउँपालिकाको सवारी चालकको समेत कार्य गर्दै आउनुभएको तथा गाउँपालिकाको काममा बिहान बेलुकाको समय तथा सार्वजनिक बिदाको दिनमा समेत काममा खटिरहनुपरेकाले निज गोविन्द सेढाईलाई २०७८ फागुन महिनादेखि लागु हुने गरी मासिक रु ६०००/- अतिरिक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १६

राष्ट्रिय ग्रामिण तथा नविकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत नविकरणीय ऊर्जा प्रविधि जडान शीर्षकमा रु ८००,००० विनियोजन भएकोमा सडक बत्तीको लागी टेण्डर हुँदा बचत भएको बजेट मध्येबाट कोटेशन प्रक्रियाको माध्यमबाट २ वटा सडक बत्ती खरिद गरी जडान गर्ने निर्णय गरियो।

निर्णय नं. १७

Covid - 19 लगायतका कारणबाट समुदायमा मानसिक समस्यामा परेका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श उपलब्ध गराउन तालिमप्राप्त मनोसामाजिक विमर्शकर्ता नियुक्ति गर्ने निर्णय गरियो। साथै उक्त पदको लागी मासिक रु २२,००० (बाइस हजार मात्र) पारिश्रमिक उपलब्ध गराउने र उक्त पारिश्रमिक स्वास्थ्य तर्फको तलब भत्ता शीर्षकमा प्राप्त भएको रकमबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १८

मर्स्याङ्दी गाउँपालिकाको शिक्षक दर्बन्दी तथा व्यवस्थापन कार्यविधि, २०७८ उपर व्यापक छलफल गरी अनुमोदन तथा सर्वसहमतिले पारित गर्ने निर्णय गरियो।

निर्णय नं. १९.

सिम्पानी खानेपानी योजनाको लागी आ.व. २०७८/७९ को बजेट वक्तव्य मार्फत रु ८ लाख र आ.व. २०७८/७९ कै हिउँदे गाउँसभाबाट रु ३ लाख विनियोजन भई जम्मा रु ११ लाख बजेट विनियोजन भएको। सिम्पानी खानेपानी योजना ब्रिटिस वेलफेयर बाट सञ्चालित भएको र उक्त योजनामा मिटर, गेटवल, धाराको टुटी MC र preeti Brand को उपभोक्ताबाट लागत साझेदारी गर्ने शर्त भएको, उक्त साझेदारीमा उपभोक्ता